राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २१० | २०८३ बैशाख १ गते मंगलवार | (Tuesday, 14 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५


## खोलामा माफियाको रजगज

# औरही नदी दोहनले दिलिपको सहादत गिज्याइँदै




**शैलेन्द्र महतो**


*जनकपुरधाम, चैत्र ३० गते ।*

धनुषास्थित औरही खोलामा ट्याक्टरहरू लामबद्ध छन् । कोही गिट्टी-बालुवा उत्खनन गरिरहेका छन् त कोही ट्याक्टरमा लोड गर्दैछन् । खोलामा यसरी भइरहेको जथाभावी उत्खननले पर्यावरण अभियन्ता ओमप्रकाश महतो दिलिपको सहादतलाई गिज्याइरहेझैं लाग्छ ।

उत्खननविरुद्ध उभिँदा २५ पुस २०७६ मा मिथिला नगरपालिका-५, श्रीपुरका २४ वर्षीय दिलिपको औरही नदीमा निर्मम हत्या भएको थियो । तर उनको हत्यापछि पनि औरही नदीमा स्थानीय सरकार र क्रसर माफियाको रजगज यथावत छ ।

'दिलिपले सहादत प्राप्त गरेको औरही नदीमा अझै पनि जथाभावी दोहन नरोकिनु दुःखद हो । वर्तमान अवस्थाले शहीद दिलिप र राज्यलाई गिज्याइरहेको छ,' दिलिपका साथी सुनिलकुमार सिंहले आक्रोश पोखे ।

नदीमा मापदण्डविपरीत तीन किलोमिटर तलसम्म उत्खनन भएको छ, जुन पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने औरही पुलदेखि तल हेर्दा प्रष्टै देखिन्छ । चार लेन औरही पुल निर्माणमा खटिएका एक कामदारले दिउँसो र कहिलेकाहीँ राति पनि मनपरी उत्खनन भइरहेको बताए । 'दिनभर ट्याक्टर, टिपर, बकेट प्रयोग गरी उत्खनन हुन्छ । कहिलेकाहीँ त राति पनि खोला कोतर्छन् । तर कोही बोल्दैनन्,' ती कामदारले सुनाए ।

औरही नदी यस वर्ष पनि मिथिला नगरपालिकाले ठेक्कामा लगाएको छ । औरही जस्तै नगरपालिकाले ठेक्का लगाएका बसही, जलाद, जगधर, वडहरी र रातु नदीको अवस्था पनि उस्तै छ ।

यी नदीहरूबाट खानीजन्य पदार्थ उत्खननका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले भ्याटसहित ३ करोड ५ लाख ६२ हजार २७३ रुपैयाँ ८० पैसामा नेरिसा कन्ट्रक्सन कम्पनी प्रालि, काठमाडौं-६ लाई ठेक्कामा दिएको छ ।

फागुन १४ मा भएको ठेक्का सम्झौताअनुसार आगामी जेठ मसान्तसम्म तोकिएको स्थानबाट यी ६ वटा खोलामा उसले १ लाख २१ हजार ८३० घनमिटर ग्राभेल, ढुंगा र बालुवा उत्खनन गर्न पाउँछन् । कानुनको पालना गर्दै बिहान सूर्योदयदेखि साँझ अस्ताउँदो बेलासम्म मात्र उत्खनन गर्न पाउने ३३ बुँदे सर्त छ ।

उक्त सम्झौतामा ठेकेदार कम्पनीका तर्फबाट नगरपालिका-१०, लालगढका नवराज पहाडीले हस्ताक्षर गरेका छन् । तर फागुन १४ मै ठेक्का दिइएको औरहीलगायत खोलाहरूमा उत्खननको वर्तमान अवस्था हेर्दा सम्झौतामा तोकिएको सीमाभन्दा धेरै उत्खनन भइसकेको स्थानीयको भनाइ छ । ठेकेदार नवराज पहाडी भने औरही खोलामा अरूले पहिले नै खनिसकेको दाबी गर्छन् । 'औरही खोलामा


*- बाँकी पृष्ठ ३ मा*


# वीरगञ्जमा प्रहरी जवानको हत्या, चारजना पक्राउ


**द पब्लिक टुडे समाचारदाता**


*वीरगञ्ज, चैत्र ३० गते ।*

पर्साको वीरगन्ज महानगरपालिका-९ श्रीपुरस्थित भारतीय राजदूतावास पछाडि एक युवकको धारिलो हतियार प्रहार गरी हत्या भएको छ। मृत्यु हुनेमा पर्साको कालिका माई गाउँपालिका-१ मुडली निवासी २८ वर्षीय विकास चौरसिया रहेका छन् । उनी नेपाल प्रहरीका बहालवाला कर्मचारी (प्रहरी जवान) हुन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी हरिबहादुर बस्नेतका अनुसार, वीरगन्ज-९ मुरलीस्थित फिरोजा मियाको घरमा एक व्यक्ति गम्भीर घाइते अवस्थामा रहेको सूचना पाए लगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो ।

घटनास्थलमा चौर सियाको शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरिएको र अत्यधिक रक्तश्राव भइरहेको अवस्थामा फेला पारिएको थियो ।


*- बाँकी पृष्ठ ३ मा*






नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

द पब्लिक टुडे राष्ट्रिय दैनिक | द पब्लिक टुडे डटकम अनलाइन | महोत्तरी अपडेट राष्ट्रिय साप्ताहिक | रेडियो पब्लिक ९३.३ मेघाहर्ज | रेडियो दर्पण ८८.४ मेघाहर्ज

पब्लिक टुडे पब्लिकेशन प्रा. लि. परिवार

नयाँ वर्षको उपलक्ष्यमा विज्ञापनका कोम्बो प्याकेजहरुमा विशेष छुटसहितका योजनाहरु लागू गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। विज्ञापनका लागि सम्पर्क : ९८०२३२८८३०

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# २०८२ का सिकाइ र २०८३ को आशा

वर्ष २०८२ नेपाली समाज, राजनीति र अर्थतन्त्रका लागि उतारचढावले भरिएको वर्ष रह्यो । राजनीतिक स्थिरता, सुशासन र जनसेवामा सुधारको अपेक्षाबीच मुलुकले केही सकारात्मक संकेतहरु देख्यो भने केही क्षेत्रमा चुनौती यथावत् रह्यो । शासन प्रणालीप्रति नागरिकको विश्वास पुनर्स्थापना गर्न सरकारी निकायहरुले केही सुधारका कदम चाले पनि ती अपेक्षित गतिमा अगाडि बढ्न सकेनन् । सेवा प्रवहमा सुधार, पारदर्शिता र जवाफदेहिताको माग अझै तीव्र बनेको छ ।

आर्थिक मोर्चामा, मूल्यवृद्धि, रोजगारीको अभाव र युवा जनशक्तिको पलायन जस्ता समस्याले वर्षभरि जनजीवन प्रभावित गरिरहे । तर, उद्यमशीलता, पर्यटन, ऊर्जा र प्रविधिमा देखिएका सम्भावनाहरुले आशाको किरण देखाए । वैदेशिक रोजगारीबाट फर्किएका युवाले सीप र पूँजीको प्रयोग गरी आफ्नै भूमिमा अवसर खोज्ने प्रयास बढाएका छन् । उत्पादनमुखी अर्थतन्त्र, लगानीमैत्री वातावरण र स्थानीय स्रोतसाधनको उपयोगमा जोड दिन सके अर्थतन्त्रमा नयाँ ऊर्जा भर्न सकिन्छ । सामाजिक रुपमा शिक्षा, स्वास्थ्य र लैङ्गिक समानताका क्षेत्रमा सकारात्मक बहस र पहलहरु अघि बढे । तर, सेवाको गुणस्तर, समान पहुँच र सामाजिक न्यायको विषय अझै चुनौतीपूर्ण छ । सुशासन, सामाजिक सद्भाव र साझा जिम्मेवारीको भावनालाई बलियो बनाउन राज्यसंगै नागरिक समाज, निजी क्षेत्र र समुदाय सबैको सहकार्य अपरिहार्य छ ।

आजदेखि सुरु भएको नयाँ वर्ष २०८३ आशा, सहकार्य र सुधारको वर्ष बनोस् भन्ने आम नेपालीको चाहना छ । शासन संयन्त्र थप उत्तरदायी बनोस्, भ्रष्टाचार नियन्त्रणमा कडाइ होस्, रोजगारीका अवसर बढून् र सबै नागरिकले सम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माण होस्, यही नयाँ वर्षको सामूहिक संकल्प बन्नुपर्छ । यस अवसरमा हाम्रा सम्पूर्ण प्रबुद्ध पाठक, विज्ञापनदाता, सहकर्मी, शुभचिन्तक तथा नागरिक, नीतिनिर्माता र राष्ट्रसेवकहरुलाई नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना । नयाँ वर्षले एकताबद्ध प्रयास, सकारात्मक सोच र साझा जिम्मेवारीको भावनालाई थप सुदृढ गर्दै देश र जनताको समृद्धिको यात्रामा नयाँ अध्याय सुरु गरोस् ।

## राशिफल

मेष - उपहार हातलागी हुनेछ ।
वृष - साथले नयाँ आशा जगाउनेछ ।
मिथुन - मनग्गे आम्दानी दिलाउनेछ ।
कर्कट - यात्रा गर्ने साइत जुर्नेछ ।
सिंह - साथीभाइसँग भेटघाट हुनेछ ।
कन्या - योजनातर्फ अग्रसर भइनेछ ।
तुला - सहयोग गर्न थाल्नेछन् ।
वृश्चिक - प्रतिस्पर्धामा विजयी भइनेछ ।
धनु - काम बनाउन सकिनेछ ।
मकर - शत्रुहरू किनारा लाग्नेछन् ।
कुम्भ - लाभ उठाउन सकिनेछ ।
मिन - फाइदा उठाउन सकिनेछ ।

# अकल्पनीय परिवर्तनको साक्षी २०८२ : युवाको अग्निपरीक्षा



■ ज्ञानु घिमिरे

वर्ष २०८२ ले तीनवटा सरकार झेलेको छ । सातबुँदे सहमतिमा बनेको कांग्रेस-एमाले सरकारलाई परास्त गर्दै सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार र नवपुस्ताको आन्दोलनपछि नयाँ म्यान्डेट अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टीबाट बालेन्द्र शाह प्रधानमन्त्री भएको सरकार अहिले जनताले पाएका छन् ।

अकल्पनीय परिवर्तनको वर्ष बनेको २०८२ बिदा भएको छ। भदौ २३ र २४ मा भएको 'जेनजी' आन्दोलनले कांग्रेस-एमालेको आलोपालो सरकार सत्ताच्युत भएपछि देशले नयाँ उतारचढाव झेल्नुपर्‍यो । हुन त ठूला दलले २०८१ मै सुशासन र जनताको विश्वास जित्न नसकेपछि व्यवस्था नै परिवर्तन गर्ने भन्दै राजावादीका नाममा आन्दोलन तातिएको थियो ।

२०८१ मा अन्य सडक आन्दोलन भए पनि ठूला राजनीतिक दलले वास्ता नगरेपछि २०८२ मा अकल्पनीय राजनीतिक परिवर्तन भएको देखिन्छ । जनता दलप्रति उदासीन हुनु र सरकार डेलिभरीमा भन्दा सत्ता जोगाउन केन्द्रित रहँदा २०८२ भदौ २३ र २४ को आन्दोलनले कांग्रेस-एमाले सरकार भत्काएको हो भन्दा फरक पर्दैन । २०८१ राजनीतिक भुमरीमा घुम्दा २०८२ मा देशले अकल्पनीय क्षतिसमेत भोग्यो ।

नयाँ पुस्ताले आन्दोलन गर्दा सरकारी लापरबाहीका कारण ७७ जना मृत्युको मुखमा पुगे । आन्दोलनका क्रममा ६८८ सरकारी कार्यालय, २५९ निजी निवास, १२८ व्यापारिक प्रतिष्ठान, ११९ राजनीतिक दलका पार्टी कार्यालय र ३०७ प्रहरी कार्यालय तोडफोड भएको सरकारी तथ्याङ्क छ ।

९७८ थान हातहतियार लुटिएकोमा अहिले पनि फिर्ता हुने क्रम जारी छ। समग्र क्षतिको विवरण आकलन खर्ब नजिक पुगेको विभिन्न अध्ययन-अनुसन्धानले देखाइरहेका छन् । जेनजी आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचना पुनर्निर्माण योजना तयार गर्न गठित समितिले तत्कालीन अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको प्रतिवेदनमा खर्ब नजिक क्षति भएको विवरण देखिन्छ । सरकारी पोसाकमा रहेका विद्यार्थी र अन्य भयानक मृत्युले नेपाली समाजलाई त्रास दिएको देखिन्छ ।

**सङ्कटमोचनमा सुशीलाको भूमिका**

नवपुस्ताको आन्दोलनमा परिपक्वता, स्वच्छता र निष्पक्षता भने देखिन्थ्यो । संविधान मान्ने र लोकतन्त्रलाई विश्वास गर्ने नयाँ पुस्ताले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्वका रूपमा अगाडि सार्ने निर्णय गरे । देशलाई संक्रमणकालीन अवस्थाबाट जोगाउन र जेनजी विद्रोहलाई शान्तिपूर्ण बनाउन कार्कीले महत्वपूर्ण भूमिका खेलिन् ।

पूर्वप्रधानन्यायाधीश कार्की राजनीतिक दलबीच गहिरो असहमति हुँदाहुँदै पनि नयाँ पुस्ताको साथले प्रधानमन्त्रीमा नियुक्त भएकी थिइन् । कार्की भदौ २७ मा प्रधानमन्त्री नियुक्त भएकी थिइन्। राष्ट्रपति रामचन्द्र पौडेलको सक्रियतामा प्रधानमन्त्री नियुक्त भएकी कार्कीले छ महिनाभित्र निर्वाचन सम्पन्न गराएर देशलाई नयाँ मोडतर्फ उन्मुख गराइन् ।

फाल्गुन २१ मा शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराएर कार्कीले नेपालको राजनीतिक इतिहासमा गहिरो योगदान दिएकी छन् । निर्वाचन सम्पन्न गराउन सुरुमा कार्कीलाई तत्कालीन ठूला राजनीतिक दल कांग्रेस र एमालेले साथ नदिए पनि अन्तिममा उनले मनाएरै निर्वाचन सम्पन्न गराइन् ।

निर्वाचन सम्पन्न गराएपश्चात् कार्की सम्मानपूर्वक सिंहदरबारबाट बाहिरिइन् । त्यसपछि चैत १३ अर्थात् रामनवमी पर्वको अवसर पारेर वैकल्पिक धारबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त भएका छन् ।

**पुरानाप्रतिको उकुसमुकुसले नयाँलाई बहुमत**

२०८२ फागुन २१ मा भएको निर्वाचनले विगत ३५-३६ वर्षदेखि राजनीति गर्दै आएका पुराना दललाई निकै चुनौतीपूर्ण मोडमा पुर्‍यायो। पुराना दलहरूप्रति जनता उकुसमुकुस भइसकेका छन् भन्ने गतिलो उदाहरण निर्वाचनबाट प्राप्त भएको छ । २०७९ मा स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई यही व्यवस्थामामार्फत दुईतिहाइ नजिक अर्थात् १८२ सिट दिएर नेपाली जनताले पुराना दललाई झापड हानेका छन् ।

२०७९ को निर्वाचनमा २१ सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले यस निर्वाचनमा ४० वर्ष मुनिका युवालाई प्रधानमन्त्रीका रूपमा अगाडि सारेर निर्वाचनमा होमिँदा दुईतिहाइ बहुमत नजिकको सिट ल्याउन सफल भएको छ । वैकल्पिक शक्ति मिलेर राजनीतिक छलाङ निकालेको राष्ट्रिय स्वतन्त्र पार्टीले परम्परागत मतदाताको मत परिवर्तन गरेर जनतामा देखिएको परिवर्तनको हुटहुटीलाई 'क्याप्चर' गरेको छ ।

प्रत्यक्षमा १२५ ठाउँ जितेर समानुपातिकमा ४६ सिट प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले २०७९ को निर्वाचनमा पहिलो दल बनेको कांग्रेसलाई प्रत्यक्षमा १८ सिटमा खुम्च्याइदियो । कांग्रेसले समानुपातिकमा २० सिट जित्दा २०७९ को दोस्रो दल नेकपा एमालेले प्रत्यक्षमा ९ र समानुपातिकमा १६ सिट ल्याएको छ ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', माधव नेपाल र झलनाथ खनाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीले प्रत्यक्षमा ८ र समानुपातिकमा ९ सिट जितेको छ। पुराना दल सानो आकारमा खुम्चिँदा पूर्वबाट उदाएको हर्क साम्पाङको श्रम संस्कृति पार्टी राष्ट्रिय दल बन्यो । साम्पाङको पार्टीले प्रत्यक्षमा ३ र समानुपातिकमा ४ सिट जितेको छ ।

२०७९ मा राजा फर्काउने एजेन्डासहित सडकमा निस्किएको राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रत्यक्षमा जम्मा १ सिट जित्यो । समानुपातिकमा उसले ४ सिट जितेको छ । पुराना दललाई जनताले उपेक्षा गर्दा परीक्षणको कसीमा नयाँ दल देखिएका छन् । राजनीतिक रूपान्तरण हुँदै गर्दा नयाँको कार्यशैली र प्रवृत्तिमा पनि नयाँपन र जनअपेक्षा नसमेटिए अर्कोपटक पुनः नयाँले पनि धक्का महसुस गर्नुपर्ने अवस्था हुनसक्छ । किनकि २०७९ को निर्वाचनमा मधेसबाट नयाँ दलका रूपमा उदाएको जनमत पार्टी यसपटक एक सिट पनि नजिती विभाजनको अवस्थामा पुगेको छ । यसबाट पनि नयाँ दलले जनअपेक्षा अनुसार सैद्धान्तिक नीति र नेतृत्वका आधारमा काम गर्नुपर्ने देखिन्छ ।

यसपटकको निर्वाचनले मधेसी र पहाडीबीचको खाडलसमेत पुरिदिएको छ । मधेसी दल सबै शून्यमा झरेका छन् । हिमाल, पहाड र तराईका जनताले पनि नयाँ पार्टी अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टीलाई परीक्षण गरेको देखिन्छ । आफ्नो दल अदलबदल नगरी रास्वपालाई जनताले एकपटक अवसर दिएका छन् । अब उसलाई यो वा त्यो कारण काम गर्न पाइनँ भनेर बहाना बनाउने छुट छैन ।

**युवाको परीक्षण, मतदाताको मौन विद्रोह**

चैते दसैं अर्थात् रामनवमीले यसपटक देशलाई युवा प्रधानमन्त्री दिएको छ । २०७९ को स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा निर्वाचित बालेन्द्र शाह देशको प्रधानमन्त्री नियुक्त भए । बालेन्द्र युवाका आशा र भरोसाका प्रतीक हुन् । कुरामा भन्दा काममा विश्वास गर्ने बालेन्द्रले २०८२ मा पनि नबोलेरै निर्वाचन जिते ।

उनले निर्वाचन मात्र जितेनन्, भदौ २३ र २४ गतेको आन्दोलन हिंसात्मक बनाएको अभियोग लागेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई पराजित गरेर पार्टीलाई पनि दुईतिहाइको नजिक पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेले । सहरदेखि गाउँका दुर्गम बस्तीमा पनि उनको क्रेजका कारण पार्टीलाई ऐतिहासिक सफलता हात पार्न सजिलो भयो ।

बालेन र रविको क्रेजकै कारण पार्टीले बहुमत ल्याएको दाबी त पार्टीका अन्य शीर्ष नेताले भनिरहेकै छन् । आन्दोलनका कारण परिवर्तनको हुटहुटी राखेका नेपाली जनतालाई बालेन्द्र-रवि मिलेका कारण धेरै आशा थपिदिएको छ । २०८२ को अन्त्यसँगै दुई युवा नेतृत्वको परीक्षण सुरु भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रविले बालेन्द्रलाई प्रधानमन्त्री दिएर आफू भने पार्टी सञ्चालन गरिरहेका छन् ।

अहिलेसम्म यी दुई व्यक्तिको 'केमेस्ट्री' मिलेको देखिन्छ। परम्परागत दलजस्तो सत्तालाई हतियार नबनाउने भन्दै अहिलेसम्म रविले प्रधानमन्त्रीको दाबी गरेका छैनन् । जसका कारण बालेन्द्रले नै पाँचै वर्ष सरकार चलाउने अवस्था रहेको पार्टी नेतृत्व बताउँछ ।

अहिलेसम्मको अवस्था हेर्दा रवि र बालेनबीच सरकार गठन र

*- बाँकी पृष्ठ ३ मा*

## वीरगञ्जमा प्रहरी जवानको हत्या...

उनलाई तत्काल उपचारका लागि नारायणी अस्पताल लगिएको भएपनि चिकित्सकले मृत घोषणा गरेका थिए ।
मृतक चौरसिया वीरगन्जकै मुर्लीमा डेरा गरी बस्दै आएका थिए र उनी १० दिनको बिदा लिएर घर आएका थिए । प्रहरीले सो हत्यामा संलग्न भएको आशंकामा एक महिलासहित चार जनालाई नियन्त्रणमा लिएको छ ।
पक्राउ पर्नेहरूमा रौतहटका २६ वर्षीय सन्तोष साह, उनकी पत्नी २४ वर्षीया सोनी साह, बाराका १९ वर्षीय विशाल साह र १९ वर्षीय भारतीय नागरिक कन्हैया कुमार रहेका छन् ।
घटनाको कारण र प्रकृतिबारे प्रहरीले थप अनुसन्धान गरिरहेको डिएसपी बस्नेतले जानकारी दिएका छन् ।

## खोलामा माफियाको रजगज...

हामीले खनेको होइन । पहिल्यैदेखि खनिएको हो । हामी अब खन्न सुरु गर्छौं,' उनले भने ।
खोला किनारमा आधा दर्जन क्रसर तथा बालुवा प्रशोधन उद्योग निर्बाध सञ्चालनमा छन् । मापदण्डविपरीत जथाभावी उत्खनन भइरहँदा पनि सम्बन्धित निकायहरू मुकदर्शक बनेका छन् । नदीबाट दुई किलोमिटर दूरीमा इलाका प्रहरी कार्यालय छ, तीन किलोमिटरमा नगरपालिका कार्यालय छ । तर यसलाई नियन्त्रण गर्न कसैको भूमिका प्रभावकारी देखिँदैन । प्रहरी र नगरपालिका कार्यालय एक अर्काले असहयोग गरेको भन्दै आरोप-प्रत्यारोप मात्र गरिरहन्छन् ।
शहीद दिलिपको गाउँ श्रीपुरका धेरै घरमा अहिले ट्याक्टर छन् । ती ट्याक्टर अहिले खोला उत्खननमा प्रयोग हुन थालेका छन् । ठेकेदारले स्थानीय ट्याक्टर भाडामा लिएर उत्खनन गराउने रणनीति अपनाएका छन् । गाउँले ट्याक्टरवालाकै सहयोग भएपछि नियन्त्रण झन् कठिन बनेको छ ।
मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले औरहीसहितका खोलामा भइरहेको उत्खनन नियन्त्रण गर्न प्रहरी प्रशासनबाट अपेक्षित सहयोग नपाएको गुनासो गरे । उनका अनुसार स्वीकृति नपाएका सवारी साधनमार्फत समेत उत्खनन भइरहेको छ । प्रहरी प्रशासन कसैलाई पक्राउ गर्दैन ।
'ठेकेदारभन्दा पनि अन्य ट्याक्टरवालाहरू खोला खन्छन् । दुई गाउँका ट्याक्टर प्रयोग भइरहेका छन् । इन्स्पेक्टर पुग्नेबित्तिकै भाग्छन् । ठेकेदारका गाडीलाई मात्र स्वीकृति दिएका छौं,' उनले भने, 'जिल्ला प्रहरी कार्यालय र जिल्ला समन्वय समितिलाई समेत जानकारी गराइसकेका छौं । प्रहरी प्रशासनको भूमिका पनि शंकास्पद छ ।'
औरही खोलामा भइरहेको अवैध उत्खननविरुद्ध स्थानीय युवाहरूले निरन्तर आवाज उठाए पनि त्यसलाई रोक्न सम्बन्धित निकायले चासो देखाएका छैनन् । पर्यावरण अभियन्ता दिलिपका साथी स्थानीय सुनिलकुमार सिंहका अनुसार पटक-पटक प्रहरी प्रशासन र स्थानीय सरकारलाई घचघच्याए पनि प्रभावकारी कदम चालिएको छैन । 'हामीले निरन्तर आवाज उठाइरहेका छौं । सबै सकारात्मक जस्तो देखिन्छन्, तर उत्खनन रोकिँदैन,' उनी भन्छन्, 'तीनै तहका सरकार मौन छन् । क्रसर माफियाको मनोबल झन् बढेको छ ।'
इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले नगरपालिकाले ठेक्का लगाए पनि के कति परिमाणमा कहाँबाट खन्न पाउने विवरण नगरपालिकासँग माग गर्दा नदिएको गुनासो गरे । 'नगरपालिकाले ठेक्का लगाएको छ । तर कति परिमाणमा कहाँबाट कति खन्न पाउने सम्झौता माग गरिरहँदा दिइरहेको छैन,' उनले भने, 'अनि हामीले केको आधारमा रोक्ने । रोक्न गयौं भने ठेकेदारले पुलिस प्रशासनले काममै गर्न दिएनन् भनेर गुनासो गर्छन् हामीमाथि नै ।'

**उत्खननस्थलमा छैन सम्झौताको पालना**

औरही, बडहडी, बसही, रातु लगायत ठेक्का लागेका खोलाहरूमा भइरहेको उत्खननको अवस्था हेर्दा नगरपालिका र ठेकेदारबीच भएको ३३ बुँदे सम्झौताको तालमेल देखिँदैन । उसले १ लाख २१ हजार ८३० घनमिटर उत्खनन गर्ने सम्झौता रहे पनि यी खोलाहरूको अवस्था हेर्दा त्यो भन्दा धेरै परिमाणमा उत्खनन भइसकेको देखिन्छ । तर यहाँ ठेकेदारले आफूले औरही खोलामा उत्खनन नै सुरु नगरेको दाबी गरिरहेका छन् ।
अनुगमन समिति र नगरपालिकाले नियमित निगरानी गरी निर्देशन दिन सक्ने व्यवस्था भए पनि स्थलगत रूपमा त्यस्तो सक्रियता देखिएको छैन । तोकिएको परिमाणभन्दा बढी उत्खनन भएमा रोक लगाउनुपर्ने व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । पुल, सडक तथा सार्वजनिक संरचनाबाट निश्चित दूरी कायम गरेर मात्र उत्खनन गर्नुपर्ने प्रावधान रहे पनि औरही पुल आसपासमै उत्खनन भइरहेको छ । नदीको प्राकृतिक धार परिवर्तन नगर्ने व्यवस्था भए पनि अत्यधिक दोहनका कारण नदीको स्वरूप बिग्रने खतरा बढ्दै गएको छ । सम्झौता उल्लङ्घन भए ठेक्का तोड्नेसम्मको प्रावधान राखिएको भए पनि हालसम्म कुनै प्रभावकारी कारवाही भएको छैन ।
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवले अनुगमन समितिले स्थलगत अनुगमन गरिसकेको र प्रतिवेदन पेस गर्न बाँकी रहेको दाबी गरे । उनले केही दिनअघि मात्र ठेकेदारलाई पत्र काटेर सम्झौताविपरीत उत्खनन भएकोबारे सचेत गराइएको जानकारी पनि दिए । 'अनुगमन समितिले अनुगमन गरेको छ । अब बैठकमा प्रतिवेदन पेस भएपछि त्यसअनुसार प्रक्रिया अघि बढाउँछौं,' प्रमुख प्रशासकीय अधिकृत यादवले भने, 'केही दिनअघि पत्र काटेर नै ठेकेदारलाई सचेत गराएका छौं ।'प्रहरीलाई समेत सम्झौताको विवरण तथा प्रयोग हुने उपकरणको नाम उपलब्ध गराइसकेको उनको दाबी छ । उनले प्रहरी सक्रिय भए सबै गतिविधि नियन्त्रणमा ल्याउन सकिने बताए ।

सूचना, समाचार र मनोरञ्जनका लागि
सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेट्ने समय : प्रत्येक दिन बिह(ान ९ बजेदेखि साँझ ५ बजेसम्म

हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिबारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

## खानेपानीका लागि दुई घण्टा...

चुरे क्षेत्रको भौगोलिक बनावट, जलस्रोतको अभाव र वन विनाशजस्ता कारणले पानीको समस्या दीर्घकालीन बन्दै गएको विज्ञहरू बताउँछन् । संरक्षण अभाव र योजनाविहीन विकासका कारण पानीका मुहान सुक्दै गएको उनीहरूको भनाइ छ ।
स्थानीय तहले दीर्घकालीन खानेपानी योजना बनाउन नसक्दा समस्या वर्षेनी दोहोरिने गरेको स्थानीयको आरोप छ ।
खानेपानी जस्तो आधारभूत आवश्यकताका लागि दैनिक दुई घण्टा समय खर्चिनु पर्दा जीवनयापन कष्टकर बन्दै गएको छ । 'हामीले पानीका लागि यति दुःख गर्नु परिरहेको छ, तर कसैले स्थायी समाधान खोज्दैन,' एक स्थानीयले गुनासो गरे ।
स्थानीयवासीले तत्काल दीर्घकालीन योजना ल्याई सुरक्षित र नियमित खानेपानीको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । अन्यथा वर्षौंदेखि झेल्दै आएको सास्ती अझै लम्बिने उनीहरूको चिन्ता छ ।

## बर्दिवास मेडिकल कलेज...

काम अघि बढ्न सक्ने आदेश गरेको थियो ।
आदेशलगत्तै वि.सं. २०८० को असारमै बर्दिवास-५ को टुटेश्वरस्थित माण्डवीगङ्गा (मडहा) र सोनामती (सोनी) नदी किनारमा २३ हजार बिरुवा रोपिएको थियो । उक्त क्षेत्र चारैतिर काँडेतार घेराबेरा गरेर सुरक्षित गरिएको छ ।
विभागका उपमहानिर्देशक उद्धव घिमिरे र वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि खिलानाथ दाहालगायतको टोलीले स्थलगत अनुगमन गरेको प्रतिवेदन दिएसँगै यहाँ रुख कटान र निर्माण कार्य थालनीको अनुमति प्राप्तिको प्रक्रिया अघि बढेको आयोजना कार्यालयका निर्देशक घिमिरेले बताए ।
“स्थालगत अध्ययन गरिएको प्रतिवेदन विभागका महानिर्देशकसमक्ष पुगेको छ, अब त्यो सदर भएपछि कलेज निर्माणस्थलको मूल्याङ्कन प्रक्रिया अगाडि बढ्छ”, उनले भने, “जग्गा मूल्याङ्कन हुने बित्तिकै कलेजले सो वापतको रकम सरकारी खातामा दाखिला गरेपछि प्रस्तावित स्थलको रुख कटान र निर्माण कार्य सँगसँगै बढाउन सकिन्छ ।”
यो खबरसँगै कलेज निर्माणको काममा गति लिने भन्दै स्थानीय उत्साहित भएका छन् ।
बर्दिवास-१ निवासी महोत्तरी क्षेत्र नं. १ (क) बाट निर्वाचित मधेस प्रदेशसभा सदस्य शारदा देवी थापा वर्षौंदेखिको सपना पूरा गर्न कलेज निर्माण प्रक्रिया चाँडै सुरू हुने विश्वास जागेको बताउँछन् । “रुख कटान नहुँदा थप काम अगाडि बढ्न सकेको थिएन । अब भने यससँग जोडिएका प्रारम्भिक काम सुरु भएका छन् । यसबाट सबै उत्साहित छौं”, उनले भनिन् ।
यस आयोजनाअर्न्तगत कलेजका छ सय र चार सय शय्याका दुई वटा भवन बन्ने विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख छ । दुवै भवनमा गरी एक हजार शय्याको अस्पतालबाहेक मेडिकल कलेज भवन, प्रशासनिक कक्ष, प्राध्यापक तथा कर्मचारी आवास, छात्रावास र कुरुवा घरलगायत भौतिक संरचना निर्माण गरिने छन् ।
बर्दिवास नगरपालिकाका उपप्रमुख तारादेवी महतो कलेज निर्माणले स्वास्थ्य क्षेत्रमा उल्लेख्य टेवा पुग्नुका साथै नगर क्षेत्रको सन्तुलित विकास र प्रगतिमा योगदान पुग्ने बताउँछन् ।

## अकल्पनीय परिवर्तनको साक्षी...

संचालनमा विवाद देखिएको छैन । साँच्चिकै विवाद नभएको हो वा नदेखाइएको हो, त्यो हेर्न भने केही वर्ष पर्खिनुपर्छ । मतदाताले नयाँहरूलाई ठूलो जिम्मेवारीको भारी बोकाएका छन् । रवि र बालेन्द्रले देशलाई निश्चित दुर्याकमा हिँडाउँछन् भन्ने मतदातामा विश्वास देखिन्छ ।
हालसम्म मन्त्रिमण्डलबाट काम गर्न नसक्ने मन्त्रीसमेत हटाएर प्रधानमन्त्री बालेन्द्रले एउटा गर्विलो सन्देश दिएका छन् । काम गर्न नसक्ने मन्त्रीलाई सजग गराएर उनले अन्य मन्त्रीलाई गलत काम गर्नबाट रोक लगाएका छन् ।
नबोलेरै काम गरिरहेका प्रधानमन्त्री बालेन्द्रले आक्रोश र आवेगलाई सुधार गर्नुपर्ने खाँचो भने छ । किनकि उनी कहिलेकाहीं आवेग र आक्रोशमा काम गरिरहेका छन् भन्ने कुरा विभिन्न व्यक्तिलाई विनासूचना पक्राउ गरेको व्यवहारले देखाउँछ ।

**अत्यासमा पुराना दल**

सरकारले २०४६ सालपछाडि पदमा रहेका सम्पूर्ण व्यक्तिको सम्पत्ति छानबिन गर्ने र भ्रष्टाचारका फाइल खोल्ने कुराले पुराना दलमा अत्यास बढेको छ । युवा पुस्तामा राजनीतिक चेतना आउनु र पुराना नेताहरूलाई बिदा हुन अनुरोध गर्नुले धेरैजना पूर्वप्रधानमन्त्री र पुराना नेताहरू त्रासमा छन् ।
भदौ २३ र २४ को घटनालाई हिंसात्मक बनाएको अभियोगमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक पक्राउ परेर हाजिरी जमानीमा छुटेका छन् । अन्य व्यक्ति पक्राउ पर्ने क्रम जारी छ । अहिले २०४६ सालपछाडि पदमा पुग्ने व्यक्तिको सम्पत्ति छानबिन गर्ने कुराले विभिन्न पद धारण गरेका व्यक्तिलाई ठ्याक्कै बजेको देखिन्छ । पुराना नेताले आफू फस्ने डरले आफ्ना पार्टीका नवपुस्तालाई सडकमा ल्याउन थालेका छन् । आरोप, प्रत्यारोप, प्रतिशोध र आलोचनाभन्दा पर बसेर काम गरिरहेको सरकारलाई राजनीतिक दलका भ्रातृ सङ्गठन र युवा सडकमा आउँदा कुनै फरक परेको देखिँदैन । लोकतन्त्रमा सडकबाट आफ्ना विचार स्वतन्त्रपूर्वक राख्न पाइन्छ भन्ने उद्देश्यले सरकारले पनि उनीहरूलाई खासै मतलब दिएको छैन । तर विगतजस्तो भ्रातृ सङ्गठन र संस्था जागृत हुन नसक्दा २०४६ सालपछाडिका विभिन्न फाइल खुल्छन् भन्ने आकलन गर्न कठिन छैन ।
अहिले गाउँ-बस्तीमा पुराना दलहरूप्रति जनविश्वास घट्नु र उनीहरूमा परिवर्तनको हुटहुटी देखिनुले पनि पुराना दल अत्यासमा देखिन्छन् । युवा पुस्तामा राजनीतिक चेतना बढेर डिजिटल प्रविधिको प्रयोगमार्फत सबैलाई घच्घच्याउन सक्ने क्षमता आउनुले पुराना राजनीतिक दलले पुस्तान्तरण, नीतिगत र पार्टीको संस्थागत सुधार गर्न आवश्यक देखिन्छ ।
यसै कारण पुराना दल नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी लगायतमा अहिले नेतृत्व परिवर्तन र संस्थागत सुधारको एजेन्डा युवाले उठाउन थालेका छन् । आफ्नै पार्टीका युवाले परिवर्तनको एजेन्डा उठाएपछि पाका पुस्ता रोक्न पनि उत्तिकै सक्रिय छन् । तर रोकिने अवस्था देखिँदैन ।
आफ्नै पार्टीका युवाले साथ नदिनु र सरकारले पनि पुराना नेताको गल्ती-कमजोरीलाई कोट्याएर कारबाहीको दायरामा ल्याएको खण्डमा पुराना दलको विचार जागृत हुने अवस्था छ । यसका लागि सरकारले पनि संयमता र राजनीतिक प्रतिशोध नराखी दोषीलाई कारबाही र निर्दोषलाई न्याय दिनुपर्ने अवस्था छ ।
समग्रमा २०८२ नेपाली जनताको परिवर्तनको हुटहुटीको वर्ष देखिएजस्तै यो सरकारले जनतामा परिवर्तनको विश्वास जगाउन सक्नुपर्ने चुनौती यथावत् छ ।

**समयानुकूल परिवर्तनको अपेक्षा**

समयानुकूल प्रविधि, नीति, क्षमता र पुस्तान्तरणको एजेन्डा उठाइरहँदा पुराना दलमा परिष्कृत सोच र परिपक्वता आउनुपर्ने देखिन्छ । हुन त एउटै निर्वाचनले को बलियो, को कमजोर भन्ने आकलन गर्न हतारो हुनसक्छ । तर परिवर्तनशील समय र परिष्कृत सोचका कारण समयानुकूल पार्टीले आफूलाई परिमार्जन नगरेको खण्डमा पुराना दल उठ्न सक्दैनन् भन्ने अनुमान गर्न कठिन छैन । तर पुराना दललाई आगामी निर्वाचनमा कस्तो आकारमा घटाउने वा बढाउने भन्ने साँचो नयाँ दल अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टीसँग छ ।
सरकारको नेतृत्व गरिरहेको यो पार्टीले जनअपेक्षा र वाचापत्र अनुसार काम गर्न सके आगामी दिनमा सोही पार्टीलाई फाइदा हुने देखिन्छ । यदि गर्न नसकेको खण्डमा फेरि नेपाली जनताले पुराना दललाई पुनर्विचार गर्ने अवस्था आउन सक्छ । सुसंस्कृत राजनीतिक अभ्यास र समयानुकूल परिवर्तन गरेको खण्डमा पुराना दलहरूको भविष्य पक्कै सप्रिन्छ । त्यसका लागि पुराना दलहरूले समयानुकूल परिष्कृत हुन र नवीन चिन्तन राखेर पारदर्शी राजनीति गर्नुपर्ने हुन्छ । अब नेपाली जनतालाई दलको अवस्था होइन, जनताको अवस्था परिवर्तन गर्ने पार्टी र व्यक्ति चाहिएको छ ।
नेपालका सबै राजनीतिक दलले राष्ट्रहितलाई मूलमन्त्र राखेर बदलिँदो अपेक्षा पूरा गर्नुपर्छ । व्यक्तिगत आकाङ्क्षा नभएर जनताका आधारभूत आवश्यकता पूरा गरी समाज सुधारको सङ्केत देखाइदिनुपर्छ । नातावाद, खिचातानी, महत्वाकांक्षा र विरासतलाई ख्याल नगरी विज्ञता, अनुभव र सक्रियताका आधारमा संविधानको अधीनमा रहेर समानुपातिक समावेशितासहितको मर्म अनुरूप राज्य सञ्चालित हुन्छ भन्ने मतदाताको अपेक्षा छ ।

# 'बर्दिवास मेडिकल कलेज निर्माण हुने आशा जाग्यो'

राष्ट्रिय समाचार समिति

*महोत्तरी, चैत्र ३० गते ।*

लामो समयदेखि रोकिएको जग्गा प्राप्तिको विषयले गति लिएपछि बर्दिवास मेडिकल कलेज निर्माणले गति लिने आशा जागेको छ।




कलेजका लागि प्रस्तावित बर्दिवास नगरपालिका-४ को माइस्थानको वन क्षेत्रका रुख कटानको अनुमतिपूर्व सट्टा स्वरुप वृक्षरोपण गरिएको छ। हालै सङ्घीय सरकारको वन तथा भू-संरक्षण विभागका उच्च अधिकारीले वृक्षरोपण गरिएको त्यस क्षेत्रका बिरुवाको स्थलगत अवलोकन गरेपछि निर्माण प्रक्रिया अघि बढ्ने आशा जागेको हो।

"कलेज निर्माणका लागि जग्गा प्राप्तिको अल्झिँदै आएको छ। नयाँ वृक्षरोपण गरिएकाबारे अनुगमन नहुँदा यो विषय अल्झिँदै आएको स्थानीय सरोकार भएकाहरूको भनाइ छ", कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयका निर्देशक निर्मल घिमिरेले भने, "भर्खरै केन्द्रीय प्रतिनिधिबाट वृक्षरोपण क्षेत्रको स्थलगत अनुगमन सम्पन्न भएको छ। अब जग्गा प्राप्ति र प्रस्तावित स्थलको रुख कटान अनुमतिको प्रक्रिया अघि बढेको छ।"

यही चैत्र १३ गते सरकारले कार्यभार सम्हालेसँगै 'सुशासन मार्गचित्र-२०८२' कार्यान्वयन प्रक्रिया अघि बढाएपछि बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालय खारेज गरिने कुराले यहाँ निराशा छाएको थियो। लगत्तै महोत्तरी-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले शिक्षा मन्त्रीसँग भेटेर पहलकदमी लिएपछि विभागको उच्चस्तरीय टोली वृक्षरोपण क्षेत्रको अनुगमनमा आएको जनाइएको छ।

यसअघि वि.सं. २०७४/७५ को वार्षिक बजेटमा पहिलो पटक यस मेडिकल कलेजको पूर्वाधार निर्माणको विषयले प्रवेश पाएको थियो। त्यसपछि वि.सं. २०७५ वैशाख १३ गते तत्कालीन उपप्रधानमन्त्री ईश्वर पोखरेलले यहाँ कलेजको पूर्वाधार निर्माण विकास आयोजना कार्यालय शुभारम्भ गरेका थिए। त्यसयता प्रस्तावित बर्दिवास-४ माइस्थानस्थित ५४ हेक्टर वनक्षेत्रको जग्गा उपयुक्त नहुने भन्दै सर्वोच्च अदालतमा मुद्दा दर्ता भएपछि आयोजनाका काम लामो समयसम्म रोकिएको थियो। पछि वि.सं. २०८० जेठ २९ गते सर्वोच्च अदालतले कलेज निर्माणका लागि प्रस्तावित स्थलमा काटिने एक हजार ९६७ रुखको १० गुणा बढी अर्थात् १९ हजार ६७० नयाँ बिरुवा रोपेको प्रमाणित भएपछि आयोजनाको

- बाँकी पृष्ठ ३ मा

# छात्रवृत्ति विवरण सार्वजनिक गर्न निर्देशन

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र ३० गते ।*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी तथा सार्वजनिक विद्यालयलाई नियमबमोजिम प्रदान गरिएका छात्रवृत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ।

मन्त्रालयले सोमवार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावली बमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिए बमोजिम १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोधसमेत गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा उल्लेख भएअनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ।

शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुरुप सम्पूर्ण विद्यालयहरूले तोकिएबमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारित विधिबाट छनौट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली तत्काल अध्यावधिक गर्न मन्त्रालयले आग्रह गरेको हो।

यसैगरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयले सार्वजनिक गर्ने तथा विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयलाई तत्काल अद्यावधिक गर्न लगाउन आग्रह गरिएको छ। साथै नियमानुसार छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारवाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरणका लागि अनुरोधसमेत गरेको छ।

# खानेपानीका लागि दुई घण्टा धाउँछन् स्थानीयवासी

अमलेश शर्मा

*सर्लाही, चैत्र ३० गते ।*

सर्लाहीको उत्तरी चुरे क्षेत्रको बस्तीमा सुख्खा मौसम सुरु भएसँगै खानेपानी अभाव देखिएको छ। वर्षेनी दोहोरिने यो समस्याले यस वर्ष पनि स्थानीयवासीलाई सास्ती दिइरहेको छ।

चुरे क्षेत्रका धारा, इनार र कुवालगायतका परम्परागत पानीका स्रोत सुक्न थालेपछि बस्तीहरूमा पानीको संकट चुलिएको हो। बागमती नगरपालिका-१ दापडाँडाका स्थानीय मरिचमान घलेका अनुसार समस्या पुरानै भए पनि समाधानको पहल भने प्रभावकारी हुन सकेको छैन। 'म जन्मेको ४२ वर्ष भयो, तर अवस्था कहिल्यै फेरिएन,' उनले भने, 'चुनाव आउँदा नेताहरू आउँछन्, आश्वासन दिन्छन्, तर व्यवहारमा केही हुँदैन।'

स्थानीयवासी दैनिक रूपमा खोला तथा बगरमा खनिएका कुवाबाट पानी ल्याउन बाध्य छन्। सुख्खा बढेसँगै ती स्रोत पनि सुक्न थालेपछि समस्या झनै जटिल बन्दै गएको छ। 'पानी ल्याउनै डेढदेखि दुई घण्टा लाग्छ,' घलेले सुनाए।



उक्त क्षेत्रमा बसोबास गर्ने अधिकांश परिवारको दैनिकी पानीकै खोजीमा बित्ने गरेको छ। घरधन्दा, कृषि र बालबालिकाको पढाइसमेत प्रभावित हुने गरेको स्थानीय बताउँछन्। विशेषगरी महिला र बालबालिका बढी प्रभावित छन्। विद्यालय जाने उमेरका बालबालिकासमेत पानी बोक्न जानुपर्ने बाध्यताले शिक्षा क्षेत्रमा प्रत्यक्ष असर परेको छ।

सुख्खा याममा नगरपालिकाले कहिलेकाहीं ट्यांकरमार्फत पानी वितरण गर्ने गरे पनि त्यो नियमित नहुने स्थानीयको गुनासो छ। 'महिनामा तीन-चार दिन मात्रै पानी आउँछ, त्यो पनि कहिले आउने हो थाहा हुँदैन,' अर्का स्थानीय वीरबहादुर घलेले बताए। उनका अनुसार ट्यांकरको भरमा मात्रै दैनिक आवश्यकता पूरा हुन सम्भव छैन।

वर्षायाममा भने आकाशे पानी संकलन गरेर पिउनुपर्ने बाध्यता छ। तर वर्षा सकिएपछि पुनः समस्या उस्तै हुने गरेको छ। स्थानीय टेकबहादुर गोलेका अनुसार वर्षायाममा झन् अर्को किसिमको समस्या थपिन्छ। 'वर्षामा बाटो बिग्रिन्छ, ट्यांकर आउनै सक्दैन। कार्तिकपछि हामी आफैं बाटो मर्मत गर्छौं,' उनले भने, 'त्यसपछि केही समय कहिलेकाहीं ट्यांकर आउँछ, नत्र नुहाउने-धुने कामका लागि खोला नै जानुपर्छ।'

- बाँकी पृष्ठ ३ मा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री